बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : ०७६/०७७

च.नं. : ६६९

मिति : २०७६/११/१६

विषय:- सुचना तथा कार्यान्वयन गराउनहुन ।

श्री वडा सचिव ज्यु,

१-६... नं वडा कार्यालय ..............................................।

प्रस्तुत विषयमा यस गाँउपालिका गाँउकार्यापालिकाले यस आ.व.को तेश्रो चौमासिकमा यस गाउपालिकाका सम्पुर्ण वडाहरुमा सामाजिक सुरक्षा भत्ता बैकिगं प्रणालिबाट वितरण गर्ने निर्णय गरे अनुसार तहाँ वडाका सम्पुर्ण सामाजिक सुरक्षा लाभग्राहीहरुको ब्यक्तिगत वचत खाता खोल्नको लागी आगामी **चैत्र महिनाभित्र सिभिल बैकं तहाँ वडामा आउने कार्यतालिका** भएकोले तहाँ वडाँका बैकं खाता खोल्न बाँकी सम्बन्धित सबै लाभग्राहीहरुमा खाता खोल्न तपसिल बमोजिमका आवश्यक कागजातहरु तयार गरिराख्नहुनका लागि आवश्यक समन्वय, सहजिकरण तथा सार्वजनिक सुचना जारी गरिदिनहुन अनुरोध छ । साथै शारिरिक रुपमा सक्षम लाभग्राहीहरुलाई बैकंमा नै आई खाता खोल्नहुन ब्यहोराको सार्वजनिक सुचना गरिदिनहुन अनुरोध छ ।

तपसिल

१. जेष्ठ नागरिक अन्य र जेष्ठ नागरिक दलितको लागी :- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र ३ प्रति फोटो ।

२. एकल/विधवा महिलाको लागि:- बुदाँ १ मा उल्लेखित कागजपत्र र पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. अपांगता भएका ब्यक्तिका लागी :- बुदाँ १ मा उल्लेखित कागजपत्र र नविकरण गरिएको अपांगता प्रमाणपत्रको प्रतिलिपि , नाबालिकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, साथै बैकं खाता आमा वा परिवारको महिला नाता पर्नेको संक्षकत्वमा खोल्नुपर्ने ।

४. सम्पुर्ण बालपोषण भत्ता पाउने लाभग्राहीका लागि :- सामाजिक सुरक्षा कार्याविधिले ब्यवस्था गरे अनुसार बालबालिकाको आमा (आमाको मृत्यु भएको हकमा परिवारको महिला सदस्य) “खाता संचालक” रहनेगरी खोल्नुपर्ने । आवश्यक कागजातहरु आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र दुवैको २/२ प्रति फोटो ।

पुनश्च :- वडा कार्यालयको सार्वजनिक सुचना टोलटोलमा टाँस्नहुन ।

२०७६-११-१६

(झनक रेग्मी)

नि.प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत